nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष :११, अंक : ३७ पृष्ठ ४ । बुधबार,०८ असोज २०८२ । WEDNESDAY, SEPTEMBER 24, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैयाँ

## काण्डै-काण्डको पर्सागढी : हाकिमसँग हात हालाहालदेखि घुस अडियोसम्म

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०७ असोज ।***




पर्साको पर्सागढी नगरपालिका फेरि एकपटक काण्डकै कारण चर्चामा आएको छ । आइतबार (५ असोज) नगर प्रमुख प्रशासकीय अधिकृत (प्रप्रअ) राजु साह र वडा नं. ६ का वडाध्यक्ष नवलकिशोर कलवारबीच कार्यकक्षमै हात हालाहाल भएको थियो । विवाद थामिन नपाउँदै, भोलिपल्टै (६ असोज) वडाध्यक्ष कलवारकै ५० हजार रुपैयाँ घुस मागेको अडियो सार्वजनिक भएपछि पर्सागढी नगरप्रशासन नै प्रश्नचिह्नमा परेको छ । वडाध्यक्ष कलवारले प्रप्रअ साहमाथि वडा कार्यालयको योजना कार्यान्वयनमा कमिसनको लोभमा हस्तक्षेप गरेको आरोप लगाएका थिए । उनले कार्यादेश दिन नमानेपछि कार्यकक्षमै गएर जवाफ मागदा "चुप लागेर बस" भन्ने अपशब्द प्रयोग भएको र त्यसपछि हात हालाहालको अवस्था सिर्जना भएको कलवारको भनाइ छ । प्रप्रअ साहले भने वडाध्यक्षले पदीय मर्यादा नाघेर व्यवहार गरेपछि आत्मरक्षामा हातपात भएको स्पष्ट पारेका छन् । घटनापछि नगरपालिकाका कर्मचारीहरू आक्रोशित बनेका छन् । उनीहरूले वडाध्यक्षले औपचारिक रूपमा गल्ती स्वीकार नगरेसम्म वडा नं. ६ सम्बन्धी कुनै काम नगर्ने अडानसहित नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएका छन् । यस विषयमा नगरप्रमुख गोकर्ण पाठकले दुवै पक्षको कुरा सुनेर सहमति खोज्ने बताउँदै विवादलाई सहजरूपमा टुंग्याउने दाबी गरेका छन् । तर विवाद साम्य पार्ने समयै नपाउँदै वडाध्यक्ष कलवारकै ५० हजार रुपैयाँ घुस मागेको अडियो सार्वजनिक भयो । सेवाग्राहीसँग खुलेआम रकम माग्दै गरेको आवाज बाहिर आएपछि जनतामा आक्रोश फैलिएको छ । प्रहरीमाथि हातपात, प्रप्रअसँग हात हालाहाल र अब घुस अडियोसम्म– लगातार विवादमा तानिएका वडाध्यक्ष कलवारलाई लिएर स्थानीयहरूबीच आक्रोश चुलिएको छ । **प्राविधिक विद्यालयको करोडौं भ्रष्टाचार** श्री जनता प्राविधिक विद्यालय, पर्सागढी-३ बडनियारमा १ करोड ५० लाख अनुदानमध्ये १ करोड १९ लाख खर्च देखाउन नसकिएको थियो । ल्याब सामग्री कमिसनमा खरिद, टर्नेल हाउस सुरु हुनुअघि नै जिर्ण, शिक्षकविहीन प्राविधिक कार्यक्रम सञ्चालन– यी सबै अनियमितताले विद्यालय नै भ्रष्टाचारको अखडा बनेको प्रमाणित गर्‍यो । **शिक्षक नियुक्तिमा भाई-भतिजावाद** श्री जनता मावि पकडीया बढनिहारमा कार्यकाल सकिएको विद्यालय व्यवस्थापन

बाँकी तेश्रो पृष्ठमा⇨

## दसैंयात्रु बढेपछि अन्तर्राष्ट्रिय उडानमा चाप




***काठमाडौं,०७ असोज ।***

बडादसैं नजिकिएसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रुको भीड बढ्न थालेको छ । विशेषगरी अन्तर्राष्ट्रिय उडानमा यात्रु चाप तीव्र बनेको भए पनि आन्तरिकतर्फ भने सामान्य आवागमन भइरहेको विमानस्थलले जनाएको छ ।विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार हाल नेपाल फर्किने यात्रुको संख्या उल्लेख्य बढेको छ । यसै कारण कतिपय विदेशी वायुसेवा कम्पनीले नियमित उडानका साथै अतिरिक्त तथा चार्टर्ड फ्लाइटसमेत सञ्चालन गरिरहेका छन् । शनिबार मात्र अन्तर्राष्ट्रिय खण्डमा १०६ उडान भएका थिए, जसमा ५४ आगमन र ५२ प्रस्थान थिए । ती उडानमार्फत ८ हजार २९ यात्रु नेपाल भित्रिएका थिए । उता, आन्तरिकतर्फ २२२ उडानमार्फत ६ हजार ८७५ यात्रु काठमाडौंबाट बाहिरिएका र ४ हजार ६५ यात्रु भित्रिएका थिए । आइतबार अन्तर ार्ष्ट्रिय उडानमार्फत ८ हजार ५०० यात्रु नेपाल आएका छन् भने ६ हजार ८०० बाहिरिएका छन् । त्यस्तै, आन्तरिकतर्फ २२९ उडानमार्फत ७ हजार ८८७ यात्रु बाहिरिएका र ५ हजार ५०५ काठमाडौं फर्किएका छन् । हाल दैनिक ३०० भन्दा बढी उडान भइरहेका छन् । यसमध्ये करिब २५० आन्तरिक र १०० हाराहारी अन्तर्राष्ट्रिय उडान हुने गरेका छन् । आन्तरिकतर्फ २१ वायुसेवा र १२ हेलिकप्टर कम्पनीले सेवा दिइरहेका छन् भने अन्तर ार्ष्ट्रिय खण्डमा ३ नेपालीसहित ३० एयरलाइन्सले उडान भर्दै आएका छन् ।

## हरिखेतान क्याम्पसमा आन्तरिक विवाद चुलियो दशैंमै कर्मचारी तलबविहीन

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०७ असोज ।***



बीरगन्जस्थित प्रतिष्ठित सामुदायिक संस्था हरिखेतान बहुमुखी क्याम्पस आन्तरिक विवादका कारण गम्भीर संकटमा फसेको छ । करिब १४० प्राध्यापक तथा कर्मचारी दशैं नजिकिँदा पनि तलबविहीन हुँदा असन्तोष बढेको छ भने पठन-पाठनसमेत प्रभावित हुन थालेको छ । क्याम्पस प्रमुख किशोरी रायका अनुसार सहमति गरेर बैंक खाता सञ्चालनको प्रयास भइरहेको छ । तर, सञ्चालकहरूको अत्यधिक हस्तक्षेपले क्याम्पसका दैनिक गतिविधि अवरुद्ध हुने अवस्था आएको उनको भनाइ छ ।

हाल करिब ४ हजार विद्यार्थी अध्ययनरत भए पनि विवादका कारण विद्यार्थी संख्या घट्दै गएको बताइएको छ । त्यसमाथि नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक र सिद्धार्थ बैंकमा रहेको करिब ७ करोड रुपैयाँ निकाली निजी लक्ष्मी सनराइज बैंकमा राखिएको विषयले थप शंका र विवाद उत्पन्न गराएको छ । यसैबीच, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि क्याम्पसका गतिविधिमा चासो देखाउँदै सिसी क्यामेरा खरिद-जडान र नाला निर्माणमा अनियमितता भएको आरोपमा प्रारम्भिक छानबिन सुरु गरेको छ । सञ्चालक सुनिल कुमार खेतानले भने कुनै अनियमितता नभएको दाबी गरेका छन् । पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले कर्मचारी र प्रशासनबीच सहमति गरेर समस्या समाधान गर्न निर्देशन दिएका छन् भने श्रम कार्यालय प्रमुख बलराम कुशवाहाले श्रमिकको अधिकार सुनिश्चित गर्दै खाता सञ्चालनका लागि पहल भइरहेको जानकारी दिएका छन् ।तर, क्याम्पस प्रमुख रायले आफू आएपछि कुनै भ्रष्टाचार नभएको र केही समूहले नियोजित रूपमा संस्थालाई बदनाम गर्ने प्रयास गरेको दाबी गरेका छन् ।

## जनचेतनाको कमीले पर्सामा फेरि हैजाको खतरा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०७ असोज ।***



पर्सा जिल्लामा झाडापखाला र शंकास्पद हैजाको सङ्क्रमण फेरि बढ्न थालेको छ । केही साताअघि नियन्त्रणमा आएको देखिएको सङ्क्रमण गत शनिबारदेखि पुनः फैलन थालेको हो । जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार तीन दिनमै ८८ नयाँ केस दर्ता भएका छन् । शनिबार २७, आइतबार ३३ र सोमबार २८ जना बिरामी थपिएका हुन् । हालसम्म जिल्लामा झाडापखालाका कुल १५१२ केस दर्ता भएका छन्, जसमा १४७९ जना निको भइसकेका छन् भने ३३ जना अझै विभिन्न अस्पतालमा उपचाररत छन् । यसै अवधिमा जिल्लामा २४० जनामा हैजा पुष्टि भएको छ । २३६ जना उपचारपछि घर फर्किएका छन् भने ४ जना अझै उपचाररत छन् । **किन पुनः बढ्यो सङ्क्रमण?** जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरका अनुसार खानेपानीमा क्लोरिन (पीयूष झोल) प्रयोग नगर्नु नै मुख्य कारण हो । "खानेपानीमा औषधि नहाल्दा समस्या फेरि बल्झिएको छ," उनले भने । वीरगन्ज महानगरपालिकाको वडा नं-१५ र १२ लाई 'हटस्पट' क्षेत्र घोषणा गरिएको छ । सुरुवाती चरणमा तीनै तहको सरकार सक्रिय भएपछि घर-घरमा पीयूष झोल वितरण र जनचेतनामूलक कार्यक्रमले हैजा नियन्त्रणमा आएको थियो । तर, पछिल्लो समय जेनजी आन्दोलनका कारण सरकारी टोली क्षेत्रमै नपुगेपछि लापरबाही बढेको जनस्वास्थ्य कार्यालयको निष्कर्ष छ । **किन प्रयोग भएन क्लोरिन?** सर्वसाधारणले डिप बोरिङको पानीमा पीयूष हाल्दा सन्तान नहुने भन्ने भ्रमका कारण प्रयोग गर्न छाडेको जनस्वास्थ्य स्रोतको भनाइ छ । यही कारण हटस्पट क्षेत्रमा बिरामीको सङ्ख्या पुनः बढेको हो ।

अब धार्मिक गुरुहरूको सहयोगमा जनचेतना कार्यक्रम सुरु गर्ने तयारी भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ । मंगलबारदेखि नै पानीमा क्लोरिन हाल्न आग्रह गर्न धर्मगुरुहरू परिचालन गरिने तयारी छ । सरकारका प्रारम्भिक प्रयासले हैजा नियन्त्रणमा आएको देखिए पनि निरन्तर निगरानी र जनचेतना अभावले सङ्क्रमण फेरि फैलिएको हो । स्वास्थ्यकर्मीहरूले पानीको सही

बाँकी तेश्रो पृष्ठमा⇨

## क्षतिग्रस्त गण्डक प्रहरी चौकीलाई सामग्री सहयोग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०७ असोज ।***

जेनजी आन्दोलनका क्रममा तोडफोड भई क्षति पुगेको वीरगञ्ज गण्डक प्रहरी चौकीलाई पुनः सञ्चालनमा ल्याउन आवश्यक सामग्री सहयोग प्रदान गरिएको छ । उक्त सहयोग उत्कर्ष नेपाल, उपकार सेवा नेपाल र बीरगन्ज पब्लिक कलेज (ग्लोबल) को संयुक्त पहलमा गरिएको हो । सहयोगअन्तर्गत प्रहरी चौकीलाई दैनिक कामकाज र सेवाप्रवाह सहज बनाउनका लागि कुर्सी, टेबल, चालाकल, इलेक्ट्रिक मोटर, खाना पकाउने भाँडाकुडा, बेडसिट, डसना र तकिया लगायतका सामग्री हस्तान्तरण गरिएको छ ।

यस सहयोगले प्रहरी चौकीलाई पुनः सेवा सञ्चालनमा मद्दत पुग्ने र स्थानीय सुरक्षालाई व्यवस्थित बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रमका क्रममा उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगी, सदस्य सुमन बगेडिया, संरक्षक पद्मा देवी सरावगी, ग्लोबल कलेजका दीपक शाक्य र उत्कर्ष नेपालका प्रतिनिधिहरू उपस्थित थिए । उपस्थितहरूले तीन संस्थाको अग्रसरतामा गरिएको यो पहलले प्रहरी-समुदाय सहकार्यलाई अझ सुदृढ बनाएको बताएका छन् ।

## स्रोत नखुलेको ८ लाख नगदसहित १ जना पक्राउ



**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०७ असोज ।***

पर्सा जिल्लामा स्रोत नखुलेको ठूलो रकमसहित एक व्यक्तिलाई नियन्त्रणमा लिइएको छ । बीरगन्ज महानगरपालिका-१६, भन्सार मेनगेट नजिक संयुक्त सुरक्षादलले भारततर्फबाट नेपाल प्रवेश गर्ने क्रममा मोटरसाइकल चेकजाँच गर्दै उक्त नगद बरामद गरेको हो ।स.प्र.स.नि. सुजय कुमार

बाँकी तेश्रो पृष्ठमा⇨

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,**

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
- आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

**दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !**

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.

सम्पादक :- मनोज पटेल

कार्यकारी सम्पादक :- संतोष साह

सह-सम्पादक :- सरोज पटेल

सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल

मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com

Facebook: www .facebook .com/nepalpostdaily

सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## हाँसी खुसी गन्तव्यमा पुगून् यात्रुहरु

यस वर्षको बडा दसैं सुरु भइसकेको छ । दसैं मनाउन दिनहुँ लाखौं मानिस उपत्यका छाडिरहेका छन् । तर मनसुन सकिएपछि पनि भइरहेको वर्षाले यात्रा असुरक्षित र अनिश्चित बनेको छ । यही साता मात्र मुग्लिन-नारायणगढ सडकखण्डमा पहिरोले झन्डै ४८ घण्टा यातायात अवरुद्ध हुन पुग्यो । हजारौं सवारीसाधन र यात्रुहरू बाटोमै अलपत्र परे । सडक विभागले आफ्नो सम्पूर्ण शक्ति लगाउँदा पनि छिटोछरितो पहिरो पन्छाउन सकेन । यात्रुहरूले सास्ती बेहोरेर यात्रा गर्नुपर्‍यो । नवनियुक्त भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले सडक यातायातलाई सुरक्षित र व्यवस्थित गर्न निर्देशन दिइसकेका छन् । काठमाडौंबाट बाहिरिने सवारीसाधनको चाप बढिरहेका बेला नागढुंगा सुरुङ मार्ग प्रयोगमा ल्याउने तयारीसमेत भइरहेको छ । त्यसले केही राहत मिले पनि निर्माणाधीन सडकको स्थितिले ढुक्क हुने स्थिति भने छैन । संघीय राजधानी जोड्ने सडक मात्र होइन, देशका अन्य मुख्य सडक खण्डमा पनि बेमौसमी वर्षाले क्षति पुर्‍याएको छ । ठाउँठाउँमा सडक अवरुद्ध भई यातायात प्रभावित भएको छ । सरकारले त्यस्ता सडकका अवरोध हटाई यथाशक्य छिटो मर्मत गरी सडक सञ्चालनको व्यवस्था मिलाउनुपर्छ । दसैंमा खुसी साट्न घर गइरहेका र फर्किने यात्रुले सुरक्षित यात्रा गर्न पाउनुपर्छ । त्यसो त, सडक मर्मतसम्भारको कार्य निरन्तर चलिरहन्छ । तर चाडबाडका बेला त्यसमा किन पनि विशेष ध्यान दिनुपर्छ भने यतिबेला दैनिक लाखौं यात्रु घर फर्किरहेका छन् । सवारी साधन र यात्रुको चापले अस्तव्यस्त सडकमा दुर्घटनाको जोखिम पनि उत्तिकै बढाउँछ । त्यसप्रति बेलैमा सावधानी अपनाउनु जरुरी छ । चाडबाडका बेला बर्सेनि ठुला दुर्घटना हुने गरेका छन् । त्यो जोखिमबाट जोगिन पनि पूर्वतयारीको खाँचो छ ।

मुग्लिन-नारायणगढ सडक खण्डको पहिरो हटाई दुईतर्फी सडक सञ्चालन गर्न ७२ घण्टा लाग्नुले हाम्रो सामर्थ्य देखाइसकेको छ । अतः सरकारले उच्च जोखिममा रहेका सडकमा हुन सक्ने अवरोध तत्काल हटाउन आपतकालीन टोली खटाउनुपर्छ । मौसमी प्रतिकूलताबीच सडक यातायातलाई भरपर्दो र सुरक्षित बनाउन आवश्यक योजना र तयारी बनाउनुपर्ने देखिन्छ । आमनागरिकले आशाका नजरले हेरेको वर्तमान अन्तरिम सरकारले त्यसतर्फ ध्यान देओस् । चाडबाड र पारिवारिक भेटघाटको खुसी र उमंगमा यात्रा गरिरहेका यात्रुहरू हाँसीखुसी गन्तव्यमा पुगून्, सकुशल फर्किऊन् ।

# श्रम आप्रवासनले खोजेको रूपान्तरण

**मीना पौडेल**




जेन-जीको नेतृत्वमा भएको भ्रष्टाचारविरोधी र सुशासन सुनिश्चित पक्षधर आन्दोलनले नेपाली राजनीतिमा एउटा नयाँ कोर्सको प्रारम्भ गर्ने अपेक्षा गर्न सकिन्छ । आजसम्मको स्थितिले त्यसको संकेत गर्छ । अर्कोतर्फबाट विश्लेषण गर्दा, आन्दोलनको मर्ममाथि त होइन, तर २४ भदौको घटनाक्रमले आन्दोलनको संयोजनका सन्दर्भ र व्यवस्थापनको दृष्टिले केही चिन्ताका कुइनेटाहरू पनि क्रमशः सतहमा देखिँदै छन् । यद्यपि समयक्रमसँगै तिनमा थप प्रस्ट हुने नै छ । आन्दोलनको आँधीले तय गरेको नयाँ कोर्सप्रति खासगरी भ्रष्टाचारको सम्बोधन र सुशासनको प्रत्याभूतिका लागि आम जनताको अपेक्षा ह्वात्तै बढेको छ । साढे तीन दशकदेखि सत्ताको टेकोमा राज्यलाई दोहन गर्नेहरू आन्दोलनलाई स्विकार्न अझै पनि सहज मानिरहेका देखिन्नन्, मुख्यतः एमालेका पहिलो तहका भनेर चिनिएको नेतृत्व । क्रमशः यो स्वीकार्यता सतहमा आउला, समयको कुरा मात्र होइन, युगको माग पनि हो । आन्दोलनको उचित अवतरण हुन फागुनको निर्वाचन पर्खनु त पर्ला नै । सोमबारसम्म पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नयाँ सरकारमा अरू सात जना मन्त्री नियुक्त भइसकेका छन् । तिनले काम पनि सुरु गरिसकेका छन् । जुन सकारात्मक संकेत हो । प्रारम्भिक चरणमा सरकारप्रति आम जनताको सहयोगमा त्यति धेरै प्रश्न देखिँदैनन्, तर दल र कर्मचारी प्रशासनको चाहिँदो सहयोगका बारेमा अहिले बोलिहाल्ने बेला भएको छैन । किनकि राज्यका निकायहरू यति दलीयकरण भएका छन् कि गत साताසम्मको स्थिति भनेको कुनै सेवा प्रदायक निकायमा जाँदा निश्चित दलको कार्यालयमा गएको जस्तो लाग्थ्यो । आन्दोलनको नेतृत्व गर्ने र अन्य सान्दर्भिक सरोकारवालासँग परामर्श चलिरहेकाले कार्की मन्त्रिमण्डलले पूर्णता पाउने र आन्दोलनको मर्म, संविधानको सीमा र समयको आवश्यकताअनुसार सरकारको कामले गति लिने कुरामा सकारात्मक हुनुको विकल्प छैन । यद्यपि दर्जनौंको सहादत र बेहिसाब भौतिक क्षतिले निम्त्याएको चुनौती पनि कम छैनन् । त्यसैले वर्तमान प्रणालीका मियो, हाम्रा राजनीतिक दलहरू, कर्मचारी प्रशासन र आम जनताबाट कार्की सरकारसँग सहकार्य र सहयोग निःसर्त र अनिवार्य हो । यदि आफ्नै जीर्ण नेतृत्वको नालायकीले गर्दा परिवर्तनका संवाहक दलहरूप्रति आमनागरिकको विश्वासमा ह्रास आइरहेको यो चुनौतीपूर्ण बेलामा दलहरूका युवा तप्काले आफ्नो पार्टीको साख जोगाउने हो भने त्यसो गर्नुपर्छ । पछिल्लो पुस्ताको आक्रोश पार्टीप्रति नभई पार्टीका जीर्ण नेतृत्वको भ्रष्ट चरित्रप्रति हो भन्ने पार्टीहरूका युवा पुस्ताले नबुझ्केको पक्कै छैनन् । त्यसैले पनि हालसम्मको परिवर्तनको नेतृत्व गरेका दलहरूले आफूलाई समयसापेक्ष रूपान्तरण गरी युग अनुरूप समग्र नेपाली समाजको रूपान्तरणको प्रक्रियालाई दलले नै नेतृत्व दिनुको विकल्प छैन । तर दलका जीर्ण नेतृत्वले होइन, दलभित्रका वैचारिक प्रस्टता भएका र देवत्वकरणमा लिप्त नभएका युवा नेताहरूले नेतृत्व दिनुपर्छ । यो परिवेशमा सरकारले पनि ठूल्ठूला सपना नबाँडी आन्दोलनको मूल माग भ्रष्टाचारको सम्बोधन र सुशासनको प्रत्याभूतिको प्रयास भनेको छ, जुन आफैंमा चुनौतीपूर्ण हुँदाहुँदै पनि इच्छाशक्ति भएमा असम्भव भने छैन । यी यस्ता मागहरू हुन्, जसका लागि गुणात्मक फड्को मार्नुपर्ने र प्रक्रियागत रूपमा जानुपर्ने हुन्छ । अहिलेको सन्दर्भमा गुणात्मक फड्को भनेको राजनीति र कर्मचारीतन्त्रको सहकार्य र पार्टीहरूका मूल नेतृत्वको संरक्षणमा राज्यका हरेक निकायमा संस्कृतिको रूपमा गढेको भ्रष्टाचारको जरो उखल्ने हो । हामीले के पनि बुझ्नु जरुरी छ भने भ्रष्टाचारको जरो आगामी ६ महिनामा सम्पूर्णमा उखेलिने कुरा पनि होइन, तर एउटा सार्थक प्रक्रिया सुरुआत गर्न भने सकिएला, जुन प्रक्रियालाई निर्वाचनपछि आउने निर्वाचित सरकारले निरन्तरता दिनुपर्ने हुन्छ । यस अर्थमा यो सरकारको सबैभन्दा महत्त्वपूर्ण काम भनेको निर्वाचन गराई जनप्रतिनिधिलाई सत्ता सुम्पनु र संविधान संशोधन गरी युग र समाजसापेक्ष बनाउन बाटो खोलिदिनु हो । जुन विषय प्रधानमन्त्री कार्कीले नै पनि बारम्बार व्यक्त गरिरहेकी छन् । यसरी बुझ्दा यो आन्दोलनले सही अर्थमा राज्य संयन्त्रलाई युगअनुकूल आमूल रूपान्तरण गर्ने अवसर पनि प्रदान गरेको छ । त्यस्तो रूपान्तरण, जसले वर्गीय, लैंगिक, जात व्यवस्था, भौगोलिक र अन्य सामाजिक-सांस्कृतिक पहिचानका आधारमा गरिँदै आएको विभेदलाई सम्बोधन गर्न सकोस् । श्रम आप्रवासन युवा पुस्ताको मुद्दा हो भ्रष्टाचार, नीतिगत र राजनीतिक बेथिति र बेरोजगारी एकअर्कासँग अन्तरसम्बन्धित मुद्दा हुन्, जसले समाजलाई नराम्ररी पिरोलेको कुरा विवादको विषय रहेन । यदि यसो हो भने हामीले के बुझ्नु पनि जरुरी छ भने भदौको

बाँकी तेश्रो पृष्ठमा⇨

# नयाँ सरकारका भू-राजनीतिक चुनौती

**जीवनकुमार अधिकारी**

देश एक पटक फेरि नयाँ अध्यायमा प्रवेश गरेको छ । सडकबाट सत्ता फालिएको छ र बदलामा नयाँ स्थापना भएको छ । जतिसुकै शक्तिशाली किन नहोस्, हर कुनै नेतृत्व निर्विकल्प हुँदैन भन्ने कुरा फेरि एक पटक प्रमाणित भएको छ । एउटा पुस्ताको आवाज कुण्ठित हुँदा, मात्र केही घण्टाको अवधिमा त्यो कसरी भयानक विस्फोटमा परिणत हुने रहेछ भन्ने दुर्लभ दृष्टान्त पनि यसबीच स्थापित भएको छ । गत भदौ २३ र २४ गते जेन-जी अर्थात् २०५४ देखि २०६९ सालबीच जन्मिएका पुस्ताले गरेको अन्दोलनबाट नेतृत्वविहीन बनेको यो देशलाई अन्तरिम सरकार दिएको छ । जसको निर्माणसम्मको यात्रामा नेपाली सेनाले सफल नेतृत्व दियो । अब भने उक्त नेतृत्व पूर्वप्रधानन्यायाधीश तथा नवगठित अन्तरिम सरकारकी प्रमुख प्रधानमन्त्री सुशीला कार्कीको काँधमा आइपुगेको छ । एकातिर देशको विषम परिस्थिति अनि अर्कातिर अनेक रस्साकस्सीबीच निर्माण भएको यो सरकारका अघि आन्तरिक चुनौती त छ नै, सँगै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय भूराजनीतिक चुनौती पनि उत्तिकै टड्कारो रूपमा उभिएको छ । एलाइज र एक्सिस् शक्तिबीच भएको दोस्रो विश्वयुद्ध अनि संयुक्त राज्य अमेरिका र सोभियत संघबीच चर्किएको शीतयुद्धको परिणामले निश्चित गरेको एक ध्रुवीय विश्व व्यवस्था बहुध्रुवमा प्रवेश गरेसँगै हिन्द प्रशान्तीय क्षेत्रको भू-राजनीतिमा पनि परिवर्तनका विभिन्न संकेत देखिन थालेका छन् । मात्र केही वर्ष अघिसम्म पनि अन्तर्राष्ट्रिय मामिलाको क्षेत्रमा मुस्किलले सुनिने हिन्द प्रशान्त क्षेत्रमा देखिएको यो त्यस्तो संकेत हो, जसले अबको दिनमा यस क्षेत्रको भू-राजनीतिमात्र होइन, भू-रणनीति र भू-अर्थनीतिमा समेत गहिरो बदलाव ल्याउनेछ । दशकौंदेखि निरन्तर द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध निर्माणको समीकरण बदल्नेछ । कूटनीतिका नियमहरू पुनर्लिखित हुनेछन् । भौगोलिक दृष्टिले हिन्द प्रशान्त क्षेत्रभित्रै अवस्थित नेपाल चाहिँ यस चुनौतीबाट अछुतो रहला र ? सन् २०२४ अक्टोबरमा चीनका राष्ट्रपति सी जिनपिङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच रुसको कजानमा आयोजित १६औं ब्रिक्स सम्मेलनको साइडलाइनमा द्विपक्षीय भेटवार्ता भयो । सन् २०२० को गलवान झडपपछि डेलिगेसन तहमा भएको उक्त पहिलो भेटमार्फत सामान्यीकरणको दिशातर्फ अगाडि बढेको भारत-चीन सम्बन्ध सांघाई सहयोग संगठनको तियानजिन बैठकसम्म आइपुग्दा अझ मजबुत बन्यो । फलस्वरूप सन् १९६२ देखि द्विपक्षीय सम्बन्धमा विभिन्न उतारचढाव खेप्दै आएका यी दुई शक्ति आजका दिनमा एकै कित्तामा उभिएका छन् । एसियाको डबल इन्जिन पनि भनेर चिनिने यी दुई राष्ट्रले आज संयुक्त रूपमा विश्व जनसंख्याको करिब ३५ प्रतिशत र विश्व कुल गार्हस्थ्य उत्पादनको २० प्रतिशत हिस्सा ओगट्छन् । यी दुई राष्ट्रबीचको सम्बन्धमा आएको यो परिवर्तनले केवल हिन्द प्रशान्तीय क्षेत्रमात्र नभएर समग्र विश्व भू-राजनीतिलाई नै नयाँ आकार प्रदान गर्ने अनुमान गर्न सकिन्छ । संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा हुन गइरहेको संयुक्त राष्ट्रसंघीय महासभामा बेलायतसँगै फ्रान्स, अस्ट्रेलिया, क्यानडा र माल्टाले पनि अब भने औपचारिक रूपमै प्यालेस्टाइनलाई छुट्टै राष्ट्रको रूपमा मान्यता दिँदै छन् । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्का पाँचमध्ये चार सदस्य राष्ट्रले प्यालेस्टाइनलाई यस्तो मान्यता दिनु, मध्यपूर्व मात्र नभएर समग्र विश्व भू-राजनीतिमै एक नयाँ तथा महत्वपूर्ण परिवर्तनको संकेत हो । गत जनवरीमा संयुक्त राज्य अमेरिकाको ४७औं राष्ट्रपतिको रूपमा डोनाल्ड ट्रम्पले आफ्नो पदभार सम्हाले । अमेरिकाको नेतृत्वमा हुने परिवर्तनले विश्वभर अर्थ राख्नु र केही परिवर्तन ल्याउनु स्वाभाविक हो । यो अपेक्षित नै हुन्छ पनि । तर ट्रम्प प्रशासनले लागू गर्ने टेरिफ दरले भोलिका दिनमा वैश्विक समीकरणको गणित नै बदलिदेला भन्ने चाहिँ धेरैका लागि सायद अनपेक्षित नै थियो । त्यतिमात्र होइन, अमेरिकाको नयाँ टेरिफ दरले वैश्विक व्यापार, आपूर्ति प्रणालीलगायत समग्र विश्व भू-राजनीति र अर्थ-राजनीतिमा नै गहिरो प्रभाव पार्‍यो । आजका दिनमा युरोप-अमेरिकी सम्बन्ध चिसिनु अनि भारत र चीन एकै ठाउँ उभिनुको पछिल्लो कारण अमेरिकाको नयाँ टेरिफ दर नै थियो भन्नेमा सायद दुई मत नहोला । यद्यपि पछिल्ला केही दिन यता भारत-अमेरिका व्यापारमा उत्पन्न अवरोध हटाई व्यापार पुनः सुचारु गर्ने भन्ने चर्चा पनि चलिरहेको छ । यसअघि नेतृत्व सम्हालेका धेरैले कूटनीतिलाई व्यक्तिगत लाभ र दलीय स्वार्थमा प्रयोग गरेको देखियो । त्यसले यो देशको राष्ट्रिय हित अनि नेपाल र नेपालीको मूल मुद्दाचाहिँ सधैं ओझेलमा परिरह्यो । नवगठित सरकारबाट चाहिँ यो गल्ती नदोहोरियोस् । हाम्रो वरिपरिको भू-राजनीतिमा आइरहेको यो परिवर्तन, त्यसबाट भोलिका दिनमा उत्पन्न हुन सक्ने जटिलता अनि नेपालको भू-राजनीतिक संवेदनशीलता समेतलाई अत्यन्त सुझबुझपूर्ण ढंगले केलाई सोहीअनुरूप परराष्ट्र मामिलाको सञ्चालन नवगठित सरकारले गर्न सक्नुपर्छ । शीतयुद्धकालको विषम परिस्थितिमा समेत अमेरिका, सोभियत संघ, चीन र भारतजस्ता एकआपसमा विपरीत धारका राष्ट्रहरूसँग राजा महेन्द्रले अपनाएको सन्तुलित कूटनीति आजका दिनमा यो सरकारका लागि पनि उत्तिकै सान्दर्भिक सिकाइ हुन सक्छ । इतिहासको त्यो कालखण्डलाई मनन् गर्दै आजको नयाँ सरकारले पनि हाम्रा दुई छिमेकी भारत र चीनलगायत संयुक्त राज्य अमेरिका, रुस, बेलायत, युरोपेली संघ, जापान आदि टाढाका मित्रराष्ट्रसँग पनि उत्तिकै सन्तुलित सम्बन्ध कायम राख्न सक्नुपर्छ । उक्त सम्बन्धमा खलल पुग्ने कार्य हामीबाट नहोस् भन्नेमा हामी सधैं सचेत रहनुपर्छ । दुई ठूला राष्ट्रबीचमा बसेको यो सानो देश नेपालको दीर्घकालीन हित यसैमा हुनेछ । गत भदौ अन्तिमको जेन-जी नेतृत्वको आन्दोलन अनि त्यसका विरुद्धमा राज्यले प्रयोग गरेको बलका कारण ७० बढीले ज्यान गुमाउनुका साथै हजारौं घाइते भएका छन् । उक्त घटनाले विश्वभरका विभिन्न राष्ट्रलगायत क्षेत्रीय तथा वैश्विक संगठनहरूको ध्यान खिचेको छ । यसबाट अन्तरर्ष्ट्रिय समुदायमा नेपालको छवि कमजोर हुन पुगेको छ । छवि

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ह्वाइट हाउसद्वारा मदुरोको वार्ता प्रस्ताव अस्वीकार

*काठमाडौं,०७ असोज ।*

ह्वाइट हाउसले सोमबार भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग वार्ता गर्न गरेको अनुरोध अस्वीकार गरेको छ । मदुरोले दुई कट्टर शत्रुबीच तनाव कम गर्न संवाद प्रस्ताव गरेका थिए ।भेनेजुएलाका दुई प्रमुख विपक्षी नेताहरूले अमेरिकाको नौसैनिक तैनाथीलाई समर्थन गर्दै यसलाई लोकतन्त्र पुन:स्थापनाका लागि महत्त्वपूर्ण भनेका छन् । ट्रम्पले दक्षिणी क्यारिबियनमा लागूऔषध विरोधी कारबाहीका लागि आठ युद्धपोत र एउटा पनडुब्बी पठाएका छन् । भेनेजुएलाले यसलाई सम्भावित आक्रमणको संकेतका रूपमा लिएको छ । अमेरिकी सेनाले हालै तीनवटा सन्दिग्ध लागूऔषध डुङ्गा नष्ट गरेको छ, जसमा एक दर्जनभन्दा बढीको मृत्यु भएको छ । भेनेजुएला सरकारले आइतबार मदुरोले ट्रम्पलाई पठाएको पत्र सार्वजनिक गरेको थियो । पत्रमा मदुरोले लागुऔषध कार्टेलसँग संलग्न भएको अमेरिकी आरोपलाई 'पूर्णतया झुटो' भन्दै अस्वीकार गरेका थिए र ट्रम्पलाई 'शान्ति कायम राख्न' आग्रह गरेका थिए । तर ह्वाइट हाउसकी प्रेस सचिव



क्यारोलिन लेभिटले पत्रमा 'धेरै झुटहरू' भएको बताए । उनले अमेरिकाको नीति परिवर्तन नभएको र मदुरो शासनलाई अझै 'अवैध' मानिएको स्पष्ट पारे । यो तैनाथी क्यारिबियन क्षेत्रमा वर्षौंयताकै सबैभन्दा ठूलो हो । मदुरोले ट्रम्पलाई शासन परिवर्तन प्रयासको दोषारोप गर्दै यो पहिलो पत्र भए पनि थप पठाउने बताए । उनले आफ्नो साप्ताहिक टेलिभिजन कार्यक्रममा 'भेनेजुएलाको सत्यको रक्षा' गर्ने संकल्प व्यक्त गरे । भेनेजुएलाका रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेजले अमेरिकामाथि 'अघोषित युद्ध' चलाएको आरोप लगाउँदै लागुऔषध डुङ्गामा सवारहरूलाई 'रक्षाको अधिकार बिना मृत्युदण्ड दिइएको' दाबी गरे । नगद संकटमा परेको भेनेजुएलामा हजारौं नागरिक मिलिसियामा सामेल भइरहेका छन् । केही भेनेजुएलालीहरूले भने अमेरिकी कदमको स्वागत गर्दै मदुरोको पतन छिटो हुने अपेक्षा राखेका छन् । निर्वासित विपक्षी नेता एडमन्डो गोन्जालेज उरुटियाले सैन्य तैनाथीलाई 'आपराधिक संरचना ध्वस्त पार्न आवश्यक' भने ।

विपक्षी नेत्री मारिया कोरिना मचाडोले पनि यसलाई समर्थन गर्दै भेनेजुएलाका गिरोहहरू अमेरिकाको 'सुरक्षा र स्थिरतामा बढ्दो खतरा' भएको बताए । तर अर्का विपक्षी व्यक्तित्व हेनरिक क्याप्रिल्सले अमेरिकी हस्तक्षेपको विरोध गर्दै 'समाधान सैन्य होइन, राजनीतिक हो' भने । उनका अनुसार ट्रम्पका कदमहरूले उल्टै सत्तामा रहेकाहरूलाई बल पुऱ्याउने छन् ।

## सुपर टाइफुन रागासा नजिकिँदा चीनका १० सहरमा विद्यालय-व्यवसाय बन्द

*काठमाडौं,०७ असोज ।*

सुपर टाइफुन रागासा दक्षिण चीनतर्फ नजिकिँदै जाँदा मंगलबार कम्तीमा १० वटा सहरमा विद्यालय र व्यवसाय बन्द गर्ने आदेश दिइएको छ । यी उपायहरूले लाखौं मानिस प्रभावित हुनेछन् भने चीनको प्रमुख उत्पादन क्षेत्रका हजारौं कारखानामा क्रियाकलाप रोकिँदै गएको छ । गुआङ्गडोङ प्रान्तको आपत्कालीन व्यवस्थापन ब्युरोले रागासाले २४ घण्टाभित्र प्रान्तको मध्य र पश्चिमी तटीय क्षेत्रमा अवतरण गर्ने जनाएको छ । 'प्रमुख क्षेत्रहरूले निर्णायक उपाय अपनाउनुपर्छ, मानिसहरूको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नुपर्छ र क्षति कम गर्न सक्दो प्रयास गर्नुपर्छ', विज्ञप्तिमा भनिएको छ । रागासा नजिकिँदै गर्दा गुआङ्गडोङले आँधीका लागि उच्चतम आपत्कालीन प्रतिक्रिया सक्रिय गरेको छ । हङकङ मौसम सेवाअनुसार यसले दुई सय ३० किलोमिटर प्रतिघण्टासम्मको हावा



बोकेको छ । सेन्जेनले चार लाख मानिसलाई खाली गर्न आदेश दिएको छ । अधिकारीहरूले 'तीव्र हावा, वर्षा, छाल र बाढी' को चेतावनी दिँदै आकस्मिक अवस्थाबाहेक बाहिर ननिस्कन आग्रह गरेका छन् । बजार र काम दिउँसोदेखि बन्द हुने जनाइएको छ । झुहाई, डोङ्गगुआन र फोसानलगायत अन्य प्रमुख सहरमा पनि निलम्बन आदेश जारी गरिएको छ । फोसानको आपतकालीन मुख्यालयले 'तीव्र हावा र भारी वर्षाले सहरलाई गम्भीर असर पार्नेछ' भन्दै चेतावनी दिएको छ । रागासा हाल दक्षिण चीन सागर हुँदै अघि बढिरहेको छ । यसअघि फिलिपिन्समा यसले प्रभाव पारेको थियो । त्यहाँ एक व्यक्तिको मृत्यु भएको थियो ।चिनियाँ राज्य प्रसारक सिसिटिभीले जलमार्गको उत्तरी भाग, ताइवान स्ट्रेटको दक्षिणी भाग, बाशी च्यानल र गुआङ्गडोङ नजिकै सञ्चालन हुने जहाजहरूलाई सुरक्षा सचेतना अपनाउन आग्रह गरेको छ । वैज्ञानिकहरू मानवसिर्जित जलवायु परिवर्तनले आँधीबेहरीलाई अझ शक्तिशाली र बारम्बार बनाउँदै गएकोमा एकमत छन् ।

## इक्वेडरमा कैदीको झडप : १४ जनाको मृत्यु

*काठमाडौं,०७ असोज ।*

इक्वेडरमा कैदीहरूबीच भएको झडपमा बन्दुक र विस्फोटक पदार्थको प्रयोग हुँदा कम्तीमा १३ कैदी र एक गार्डको मृत्यु भएको छ । कुनै समय शान्तिपूर्ण मानिने देशमा अहिले अमेरिकी लागुऔषध व्यापारका लागि हुने चलखेलका कारण बढेका हिंसात्मक गतिविधिमा संलग्नको गिरोहले जेल भरिएको र भीडभाडयुक्त जेलमा भएको यो रक्तपातको श्रृङ्खलाको पछिल्लो घटना हो । कमाण्डर कर्णेल विलियम क्याले इक्वेभिसा च्यानलसँग भन्नुभयो, "प्रतिद्वन्द्वी गिरोहहरूबीचको झडपमा १४ कैंदीको मृत्यु भएको, कैयौं कैदीहरू भागेका र १४ जना घाइते भएका छन् ।" तेह्र कैदीहरूलाई पुन: पक्राउ गरिएको छ । कर्नेल क्यालेले भने, "पेरुको सीमा नजिकै दक्षिणपश्चिम इक्वेडरको माचालाको जेलको एक भागमा बिहान सबेरै गोली चलेको र तत्काल जेल गार्ड र प्रहरी घटनास्थलमा पुगेको थियो ।" सुरक्षाकर्मीका एक पथप्रदर्शकलाई जेलमा छिर्ने क्रममा गोली हानी मारिएको थियो भने केहीलाई

### श्रम आप्रवासनले.............

अन्तिम साता छेडिएको आन्दोलन युवा पुस्ताको नेतृत्वमा भएको हो भन्ने कुरा जति स्थापित भएको छ, त्यति नै स्थापित तथ्य हो वैदेशिक रोजगारीमा मुलुक छोड्न बाध्य युवाको उमेर । सरकारी र अन्य क्षेत्रबाट भएको अनुसन्धानले पुष्टि गरेको छ, नेपालबाट वैदेशिक रोजगारीमा जाने अधिकांश युवाको सरदर उमेर १९/२०-३५ वर्षको छ । यो सबै लैंगिक पहिचान भएका युवाको उमेर हो । कार्की सरकार युवा पुस्ताको चाहना, भावना र जेन-जी आन्दोलनको मर्मकेन्द्रित भएर अगाडि बढ्ने भनिएकाले उसले मुलुकमा रोजगारीको सम्भावना शून्य देखेर वैदेशिक रोजगारमा जान बाध्य लाखौं युवाको भावनालाई नजरअन्दाज गर्न मिल्दैन । श्रम आप्रवासन व्यवस्थापन : भ्रष्टाचारको अँध्यारो सुरुङ प्रमुख काम भ्रष्टाचार सम्बोधन, सुशासनको प्रत्याभूति र निर्वाचन भए पनि सरकारले दैनिक रूपमा राज्य चलायमान गराउनुपर्ने त छँदै छ । साभार ईकान्तिपुर ।

### नयाँ सरकारका भू....

कमजोर हुनु भनेको विश्व मञ्चमा नेपालले उठाउने एजेन्डाहरूको सुनुवाइ नहुने सम्भावना बढ्नु हो । अथवा, नेपाल पक्ष भएर गरिने सन्धि सम्झौतामा नेपालको बार्गेनिङ शक्ति कमजोर हुनु हो । अथवा भोलिका दिनमा नेपालमा आउन सक्ने प्रत्यक्ष वैदेशिक लगानी, वैदेशिक ऋण, वैदेशिक व्यापार, पर्यटन, रेमिट्यान्स आदिमा नकारात्मक असर पुग्नु हो । त्यसैले जतिसक्दो चाँडो नयाँ सरकारले यो विषयलाई सम्बोधन गर्नुपर्छ । त्यस्तै गरेर नेपालसँग भौगोलिक सिमाना जोडिएका दुई छिमेकी भारत र चीनले यस आन्दोलनलाई लिएर आफ्नो राष्ट्रिय सुरक्षा र क्षेत्रीय स्थिरतामा जोखिम महसुस गरेका हुन सक्छन् । यो स्वाभाविक पनि हुन्छ । यस विषयमा पनि सरकारले दुवै राष्ट्रलाई ढुक्क बनाउन सक्नुपर्छ । साभार ईकान्तिपुर ।

### काण्डै-काण्डको...........

समितिबाटै शिक्षक नियुक्ति गरिएको थियो । आवश्यक नभएका विषयमा शिक्षक भर्ती, योग्य उम्मेदवार बेवास्ता र पहुँचवालाका मान्छे रोजिएको आरोप लाग्यो । वडाध्यक्ष सुकमान तामाङले यस प्रकरणमा उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गरेका थिए । **प्रहरीमाथि हातपात**

जिल्ला अदालत परिसरमै वडा नं. ६ का वडाध्यक्ष नवलकिशोर कलवारले प्रहरीमाथि हातपात गरेको आरोपमा नियन्त्रणमा परेका थिए । निर्वाचित जनप्रतिनिधिबाटै यस्तो अभद्र व्यवहार भएपछि पर्सागढी फेरि नकारात्मक चर्चामा आएको थियो । यी सबै घटनाले पर्सागढी नगरपालिकालाई जनताले "काण्डै-काण्डैको नगरपालिका" भनेर व्यंग्य गर्न थालेका छन्।विद्यालयदेखि नियुक्ति प्रक्रिया, प्रहरीमाथिको हातपात, हाकिमसँगको झगडा र अब घुस अडियोसम्म–निरन्तर विवादका कारण जनतामा गहिरो असन्तोष पैदा भएको छ । नगर प्रमुखदेखि सम्बन्धित निकायले पटक-पटक "कारबाही गर्छौं" भन्दै प्रतिवद्धता जनाए पनि अघिल्ला काण्डहरू आजसम्म धूलामै हराएका छन् । तर यसपटक अडियोजस्तो प्रत्यक्ष प्रमाण सार्वजनिक भइसकेपछि जनताले दोषीमाथि तत्काल कारबाही गर्न दबाब दिइरहेका छन् ।

### जनचेतनाको कमीले.........

उपचारबिना समस्या अझै गम्भीर बन्न सक्ने चेतावनी दिएका छन् ।

### चाडपर्वमा चितवन.........

तस्करीको प्रयास हुने गरेकोले यस वर्ष उच्च सतर्कता अपनाइएको सुरक्षा अधिकारीहरूले जानकारी दिएका छन् ।

### स्रोत नखुलेको ८..........

सिंहको कमाण्डमा ३ जना सुरक्षाकर्मी र स.प्र.स.नि. मो.हमद मुस्ताक अलीको कमाण्डमा ७ जना सुरक्षाकर्मीको टोलीले भारततर्फबाट नेपाल प्रवेश गर्ने क्रममा द्यच ०५ द्यँ ०४६९ नम्बरको मोटरसाइकललाई चेकजाँच गर्दा उक्त नगद बरामद भएको हो । बरामद विवरण १००० दरका नोट ५१५ वटा,५०० दरका नोट ५७२ वटा,१०० दरका नोट ६० वटा कुल जम्मा नगद रकम नेपाली रुपैयाँ आठ लाख सात हजार रुपैया बरामद मोटरसाइकलको अनुमानित मूल्य रु. १,५०,००० (एक लाख पचास हजार मात्र) नियन्त्रणमा परेका व्यक्तिको नाम राजेश कुमार साह तेली उमेर करिब ४३ वर्ष ठेगाना पर्सा जिल्ला, सखुवापर्सौनी गाउँपालिका-०५ उक्त नगदको वैध स्रोत खुलाउन नसकेपछि साहलाई बरामद मोटरसाइकलसहित नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि बीरगन्ज भन्सार कार्यालय पर्सामा बुझाउने प्रक्रिया भइरहेको प्रहरीले जनाएको छ ।

# स्वास्थ्य

## गर्भावस्थामा पिसाब संक्रमण भए के गर्ने ?



गर्भावस्थामा पिसाबको संक्रमणले महिलालाई सताइरहेको हुन्छ । पिसाबको संक्रमणले मूत्राशय, मूत्रमार्ग र मिर्गौलालाई असर पार्छ । गर्भावस्थामा महिलाको शरीरमा धेरै परिवर्तन हुन्छ । जसले गर्दा अन्य बेला भन्दा पिसाबको संक्रमण हुने सम्भावना आठदेखि १० प्रतिशत बढी हुन्छ । गर्भावस्थामा पिसाबको संक्रमण हुने विभिन्न कारण हुन्छन् । गर्भवती महिलाको इम्युनिटी पावर कम छ, पानी कम पिउँछिन्, गर्भवती महिलाको उमेर बढी छ, पहिलेदेखि नै पिसाबको संक्रमण हुने गरेको छ र आफू बस्ने वातावरण फोहोर छ भने महिलामा पिसाब संक्रमणको जोखिम उच्च हुन्छ । **गर्भावस्थामा पिसाब संक्रमण हुने अन्य कारण**

सामान्यतया पिसाब एसिडिक हुन्छ, जसले संक्रमणबाट बचाउँछ । तर गर्भावस्थामा महिलाको पिसाबबाट सुगर र प्रोटिन निस्किरहेको हुन्छ । शरीरमा विभिन्न प्रकारको हार्मोनल परिवर्तन हुन्छ, जसले गर्दा पिसाबमा एसिडको मात्रा कमी हुन्छ जसले गर्दा पिसाबको संक्रमणसँग लड्ने क्षमता कम हुन्छ र गर्भवती महिलामा पिसाबको संक्रमण हुन्छ । मिर्गौलाबाट 'युरेटर' पिसाब नली हुँदै पिसाब थैलीसम्म पुग्छ । तर पिसाब थैलीमा आएको पिसाब फर्किएर युरेटरमा जाँदैन । गर्भावस्थामा भने विभिन्न हार्मोनले मांसपेशीलाई रिल्याक्स गराउँछ, जसले गर्दा पिसाबथैलीको पिसाब पनि युरेटरतिर जान सक्छ जसलाई 'भिसाइको युरिटेरेल रिफल्स' भनिन्छ ।

जुन गर्भावस्थामा बढी हुन्छ र पिसाबमा संक्रमण छ भने माथि मिर्गौ सम्म पुगेर मिर्गौलालाई समेत संक्रमण गराउन सक्छ । पिसाबथैलीको पछाडिपट्टि पाठेघर रहेको हुन्छ । गर्भावस्थामा पाठेघर ठूलो भएको हुन्छ । पाठेघर ठूलो हुँदा पिसाबथैलीलाई त्यसले थिच्छ र पिसाबथैलीको क्षमता कमजोर हुन्छ, जसले गर्दा छिटो-छिटो पिसाब लाग्ने र पिसाबको संक्रमण हुने सम्भावना बढी हुन्छ । ठूलो भएको पाठेघरले युरेटरलाई पनि थिच्छ, जसले गर्दा पिसाब पिसाबथैलीमा आउनुपर्ने त्यति आउन सक्दैन कम आउँछ, जसले पनि पिसाबको संक्रमण हुने सम्भावना बढ्छ । गर्भावस्थामा मधुमेह र उच्च रक्तचापको समस्या देखा पऱ्यो भने पनि पिसाबको संक्रमण हुने सम्भावना बढी हुन्छ । **पिसाब संक्रमणले निम्तिने सक्ने जोखिम**

गर्भावस्थामा पिसाबथैलीको संक्रमण हुने सम्भावना विभिन्न कारणले बढी हुन्छ ।

यो बेला हुने पिसाब संक्रमणले पहिले त गर्भवती महिलालाई पिसाब छिटो-छिटो पिसाब लाग्ने, पिसाब पोल्ने लगायत असर गर्ने भयो । साथै बच्चामा पनि असर गर्छ । गर्भावस्थामा आमालाई पिसाब संक्रमण भयो भने बच्चा छिटो जन्मिने, सानो जन्मिने, संक्रमण धेरै फैलिएर बच्चा नै खेर जाने समेत हुनसक्छ । **गर्भावस्थामा पिसाबको संक्रमण भए के गर्ने ?**

गर्भावस्थामा पिसाबको संक्रमण भयो भने त्यसलाई जटिल पिसाबको संक्रमण भनिन्छ । जसको उपचार गर्न निकै गाह्रो हुन्छ । यो बेला संक्रमण कम गर्न सबै औषधि दिन मिल्दैन ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# फिरौती मागेर १५ वर्षीय अभिषेकको हत्या

*जनकपुर,०७ असोज ।*



सिरहामा १५ वर्षीय अभिषेक सिंहको अपहरणपछि हत्या भएको घटनामा प्रहरीले आफन्तसहित आठ जना छिमेकीलाई पक्राउ गरेको छ । सिराहाको गोलबजार नगरपालिका-१३ भेल्हा डंगराहाका संजय सिंहका छोरा अभिषेक आइतबार राति बेपत्ता भएका थिए । परिवारले खोजी गर्दा नभेटिएपछि सोमबार बिहान अभिषेकको आमाको मोबाइलमा फिरौतीको सन्देश आएको थियो । अपहरणकारीले पाँच करोड रुपैयाँ नदिए जीवन जोखिममा पार्ने धम्कीसमेत दिएका थिए । तर मंगलबार बिहान घर नजिकैको आँप बगैंचामा अभिषेकको शव फेला परेपछि गाउँ शोकमा डुबेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी निरीक्षक धर्मेशकुमार यादवका अनुसार शव फेला परेपछि अनुसन्धान तीव्र पारिएको हो । "शव गाउँ नजिकै फेला परेकोले घटनामा पीडितका आफन्त वा नजिकैका छिमेकी संलग्न हुन सक्ने देखिएको छ," उनले बताए । अनुसन्धानकै क्रममा प्रहरीले आठ जनालाई नियन्त्रणमा लिएको छ तर अनुसन्धान प्रभावित नहोस् भनेर उनीहरूको नाम खुलाइएको छैन । अपहरणकारीले पठाएको हिन्दी सन्देशमा, पाँच करोड नदिए हत्या गर्ने चेतावनी दिइएको थियो । सन्देशमा २५ गतेसम्म पैसा नआएमा मारेर फ्याल्ने उल्लेख गरिएको थियो । तर धम्की दिएकै दिन बालकको हत्या भएको देखिन्छ । यो घटनाले सिरहामा त्रास फैलिएको छ । गाउँलेले अपराधीलाई कडा सजाय दिन माग गरेका छन् ।

# दुई महिनामै बीरगन्ज नाकाबाट २६ अर्बभन्दा बढी पेट्रोलियम पदार्थ आयात

**नेपाल पोष्ट संवदाता**

*बीरगन्ज,०७ असोज ।*



चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो दुई महिनामा बीरगन्ज भन्सार नाका हुँदै रु २६ अर्ब ३३ करोड बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, एलपी ग्यास, एटिएफ र मट्टितेल यस अवधिमा आयात गरिएका प्रमुख पदार्थ हुन् ।भन्सार कार्यालयका प्रमुख प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष आयात मूल्य रु १ अर्ब ७६ करोडले बढेको छ । आयात वृद्धिसँगै राजस्व सङ्कलन पनि बढेर रु ११ अर्ब १८ करोड पुगेको छ, जुन गत वर्षको तुलनामा रु १ अर्ब २९ करोड बढी हो । विवरणअनुसार, दुई महिनामा रु ११ अर्ब ९१ करोड बराबरको १ लाख ३२ हजार ८२४ किलोलिटर डिजेल आयात भई रु ५ अर्ब २८ करोड राजस्व प्राप्त भएको छ । त्यस्तै, रु ६ अर्ब ८२ करोड बराबरको ८० हजार ५६० किलोलिटर पेट्रोल आयात हुँदा रु ४ अर्ब ५४ करोड राजस्व संकलन भएको छ । सोही अवधिमा रु ५ अर्ब १२ करोड बराबरको करिब ५ करोड किलो एलपी ग्यास आयात भएको छ, जसबाट रु ९६ करोड राजस्व आएको छ । एटिएफ र मट्टितेल पनि आयात भए तापनि त्यसको परिमाण तुलनात्मक रूपमा कम रहेको कार्यालयले जनाएको छ । भन्सार कार्यालयका अनुसार पेट्रोलियम पदार्थ र सवारीसाधन नै वीरगञ्ज नाकाको राजस्वको मुख्य आधार हुन् ।

बढ्दो पेट्रोलियम आयातले आन्तरिक उपभोगमा निर्भरता उच्च हुँदै गएको संकेत गरेको कार्यालयको भनाइ छ ।

# संविधान संशोधनबिना जेनजीको माग पूरा हुँदैन : जसपा सचिव साह

*जनकपुर,०७ असोज ।*



जनता समाजवादी पार्टी नेपाल (जसपा) का केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले जेनजी आन्दोलनले उठाएका माग र मुद्दाको समाधान संविधान संशोधनबिना सम्भव नदेखिने बताएका छन् ।मङ्गलबार राजविराजमा सञ्चारकर्मीहरूसँगको भेटमा साहले शासकीय संरचना, निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक निकायहरूको भूमिका, प्रादेशिक स्वरूप, पहिचान र समावेशिताजस्ता विषयमा गहिरो सुधार अपरिहार्य भएको बताए । उनले प्रतिनिधिसभा कायम रहनु उपयुक्त हुने उल्लेख गर्दै यसको विघटनलाई संविधानसम्मत ठहर गर्नु सही नहुने तर्क गरे । "आगामी निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाएका प्रश्नहरूको दीर्घकालीन समाधान दिन सक्दैन," साहले भने, "नयाँ संसद बने पनि मुलुक फेरि पुरानै संरचनामा फर्किने सम्भावना छ ।" उनका अनुसार प्रतिगमनकारी शक्तिहरू निरन्तर दबाब र जनताप्रतिको उत्तरदायित्वका कारण कमजोर हुने भए पनि दीर्घकालीन समाधानका लागि संविधान पुनरवलोकन वा आवश्यक परे पुनर्लेखन अपरिहार्य छ ।

# जेनजी आन्दोलनमा जलेकी शोशिलाको परिवारलाई सखुवाप्रसौनी गाउँपालिकाबाट एक लाख सहयोग

*बीरगन्ज,०७ असोज ।*

जेनजी आन्दोलनका क्रममा आगजनीमा परी ज्यान गुमाएकी घरेलु कामदार शोशिला देवी हजराको परिवारलाई सखुवाप्रसौनी गाउँपालिकाले आर्थिक सहयोग गर्ने भएको छ । गाउँपालिका अध्यक्ष यसवन्त यादवले मृतक परिवारलाई एक लाख रुपैयाँ उपलब्ध गराउने घोषणा गरेका हुन् । सखुवाप्रसौनी-२ की ४५ वर्षीया हजरा नेपाली कांग्रेसका केन्द्रीय सदस्य अनिल रुंगटाको वीरगञ्जस्थित घरमा काम गर्दै आएकी थिइन् । भदौ २४ गते भएको आगजनीमा गम्भीर घाइते भएकी उनको असोज ६ गते कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारकै क्रममा निधन भएको थियो । श्रद्धाञ्जली अर्पण गर्दै अध्यक्ष यादवले पाँच छोरी र एक छोरासहित परिवारलाई समवेदना व्यक्त गरे । उनले भने, "यो अपूरणीय क्षति हो । यस्तो कठिन घडीमा गाउँपालिकाले मृतक परिवारलाई सहयोग गर्ने निर्णय गरेको छ ।" साथै उनले हिंसात्मक गतिविधिले समाजमा अशान्ति फैलाउने भन्दै संयम र शान्ति अपनाउन सबैलाई आग्रह गरे । उक्त घटनामा भारतको बिहार निवासी १८ वर्षीय विनय यादव पनि गम्भीर घाइते भएका थिए । ९० प्रतिशत शरीर जलेका उनी हाल कीर्तिपुर बर्न अस्पतालमै उपचाररत छन् र अवस्था सुधारोन्मुख रहेको प्रहरीले जनाएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

# चाडपर्वमा चितवन निकुञ्जमा सुरक्षामा कडाइ

*चितवन,०७ असोज ।*

चाडपर्वको समयमा चोरीसिकारी र तस्करी गतिविधि हुन सक्ने जोखिमलाई मध्यनजर गर्दै चितवन राष्ट्रिय निकुञ्जमा सुरक्षा कडा पारिएको छ । विदेशी र जिल्लाबाहिरका व्यक्तिहरु निकुञ्ज क्षेत्रमा आउने क्रम बढेसँगै सुरक्षा चुनौती पनि बढ्ने भएकाले आवश्यक पूर्वतयारी गरिएको हो । निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार सुरक्षा कडाइ अन्तर्गत क्षेत्रभित्रका ३२ वटा सीसीटीभी क्यामेरा मर्मत गरी सञ्चालनमा ल्याइएको छ । साथै, ५७ वटा पोष्ट सक्रिय राखिएको छ र हात्ती, पैदल तथा छोटो–लामो दुरीको गस्ती बढाइएको छ ।"चाडपर्वको समयमा चोरीसिकारी नियन्त्रण गर्न र वन्यजन्तुको सुरक्षा सुनिश्चित गर्न सुरक्षा व्यवस्था कडा पारिएको छ," थापा मगरले बताए । निकुञ्जमा बसोबास गर्ने स्थानीयवासीहरूलाई पनि सचेत रहन र समुदाय स्तरका संरक्षण क्लबहरूलाई जागरूक गराउने कार्य तीव्र गरिएको छ ।चितवन राष्ट्रिय निकुञ्ज ९५२.६३ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ र हरेक वर्ष चाडपर्वमा

बाँकी तेश्रो पृष्ठमा⇨

# रौतहटमा कृषकलाई सिँचाइ सामग्री वितरण

*रौतहट,०७ असोज ।*



माधवनारायण नगरपालिकाले बाढी प्रभावित कृषकलाई कृषि पुनर्स्थापना र सहनशीलता प्रवर्धन परियोजनाअन्तर्गत सिँचाइ सामग्री वितरण गरेको छ । नगरपालिकाका वडा नं. ८ र ९ का ५० जना कृषकलाई पम्पसेट र डेलिभरी पाइप उपलब्ध गराइएको नगर प्रमुख बैजनाथ प्रसाद यादवले जानकारी दिए । वडा ८ मा ३२ जना र वडा ९ मा १८ जना कृषकले सामग्री पाएका छन् । यसअघि नै ती क्षेत्रमा बोरिङ जडान भइसकेको नगरपालिकाका कृषि अधिकृत विवेक रौनियारले बताए । परियोजनाअन्तर्गत वडा ८ मा १६ र वडा ९ मा ६ वटा कृषक समूह छन् । समूहको निर्णयअनुसार वडा ८ मा प्रत्येक समूहका दुई जना र वडा ९ मा प्रत्येक समूहका तीन जना कृषकलाई पम्पसेट उपलब्ध गराइएको हो । सामग्रीको व्यवस्थापन र हेरचाहका लागि तीन सदस्यीय समिति समेत गठन गरिएको कृषि शाखा अधिकृत अनुजकुमार झाले बताए ।

सिँचाइ उपकरणले कृषिमा ठूलो टेवा पुग्ने विश्वास व्यक्त गर्दै वडा ८ का वडाध्यक्ष योगेन्द्रप्रसाद महतोले कृषकको जीवनस्तर उकास्न यसले महत्त्वपूर्ण योगदान गर्ने बताए । उपकरण प्राप्त गर्ने क्रममा राधाकृष्ण कृषक समूहकी सदस्य कोशीला देवीले कृषिमा आधुनिकीकरण गर्दै आत्मनिर्भरता बढाउने नगरपालिकाको प्रयास सराहनीय भएको बताइन् ।


## जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौँ ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔँ ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौँ ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौँ ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौँ ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ । यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस् ।

करैयामाई गाँउपालिकाको कार्यालय
करैयामाई , बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा